# विपद् जोखिम तथा अन्य दुर्घटनामा परेका व्यक्तिहरुको हवाई उद्धार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि,

प्रदेश मन्त्रीपरिषद् बाट स्वीकृत मिति : २०७६।०२।१६ गते

विपद् तथा अन्य दुर्घटनामा परि ज्यान जोखिममा परेका व्यक्तिहरुलाई हवाई उद्धार गरी श्रोत साधन सम्पन्न अस्पतालमा पुर्याई उचित स्वास्थ्य सेवा प्रदान गर्ने सम्वन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ३ वमोजिम सुदूरपश्चिम प्रदेश मन्त्रिपरिषद्ले यो कार्यविधि वनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "हवाई उद्धार सम्वन्धी कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि मन्त्रिपरिषद्वाट पारित भएको मितिदेखि सुदूरपश्चिम प्रदेशभर लागु हुनेछ ।

२. <u>परिभाषा</u> :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

(क) "विपद्" भन्नाले प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा (२) को खण्ड (ग) र (छ) वमोजिमको अवस्था सम्झनुपर्दछ ।

(ख) "अन्य दुर्घटना" भन्नाले रुख वा भीरवाट लडेर उत्पन्न हुने आकस्मिक अवस्थालाई सम्झनु पर्दछ ।

(ग) "ज्यान जोखिममा परेका व्यक्ति " भन्नाले विपद्, जोखिम तथा दुर्घटनामा परि तत्काल उपचार नगरेमा ज्यान जान सक्ने अवस्था भएको व्यक्तिलाई सम्झनु पर्दछ।

(घ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्दछ।

(घ) "सचिव" भन्नाले मन्त्रालयको सचिवलाई सम्झनुपर्दछ।

(ङ) "हवाई उद्धार सेवा" भन्नाले ज्यान जोखिममा परेका व्यक्तिलाई नियमित हवाई उडान वा हेलिकप्टरवाट नजिकको सरकारी अस्पताल वा उपचार गर्न सम्भव भएको तोकिएको अस्पतालसम्म पुर्याउने कार्यलाई सम्झनु पर्दछ।

३. <u>हवाई उद्धार सेवा प्रदायक संस्थाको छनौट र दररेट निधारण</u> : (१)हवाई उद्धार सेवाका लागि मन्त्रालयमा सुचिकृत भएका हवाई सेवा प्रदायक संस्थाहरु मध्येबाट उद्धार गर्नुपर्ने समयमा उपलब्धताको आधारमा सेवा लिइनेछ,

तर सो सुचिकृत हवाई सेवा प्रदायक संस्था उपलब्ध हुन नसकेमा अन्य उपलब्ध हवाई सेवा प्रदायक संस्थावाट सेवा लिन वाधा पर्ने छैन ।



श्री. आन्तरिक मामिला तथा कानून मन्त्री
प्रकाश बहादुर शाह

आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

मा. आन्तरिक मामिला तथा कानून मन्त्री
प्रकाश बहादुर शाह

(२) उपदफा (१) वमोजिमको समितिले हवाई उद्धार सेवा प्रदान गर्दा मितव्ययी ढंगले हवाई सेवा प्रदायक संस्था छनौट गर्नु पर्नेछ ।

४. <u>हवाई उद्धार सिफारिस सम्बन्धि व्यवस्था</u>: (१) हवाई उद्धारका लागि सिफारिस गर्न देहाय बमोजिमको समितिको व्यवस्था रहनेछ :-

क) सम्वन्धित स्थानीय तहको प्रमुख — संयोजक

ख) सम्वन्धित स्थानीय तहको स्वास्थ्य संस्थाको प्रमुख — सदस्य

ग) सम्वन्धित स्थानीय प्रहरी कार्यालयको प्रमुख — सदस्य

२) उपदफा (१) बमोजिमको समितिले दफा २ को खण्ड (क) बमोजिम दुर्घटनामा परेको वा खण्ड (ख) बमोजिम अन्य दुर्घटनामा परेको वा खण्ड (ग) ज्यान जोखिममा परेको व्यक्तिको उद्धारका लागि सम्वन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी संग समन्वय गरी लिखित निर्णयको प्रतिलिपि सहित समितिको तर्फबाट सबन्धित स्थानीय प्रहरी कार्यालयबाट तत्काल मन्त्रालयमा मौखिक वा विधुतिय माध्यमबाट सिफारिस गर्नु पर्नेछ र लिखित सिफारिस यथासम्भाव छिटो मन्त्रालयमा पठाउनु पर्नेछ।

तर समितिको सम्पूर्ण सदस्य उपस्थित भई बैठक बस्न नसकेको अवस्थामा सम्वन्धित स्थानीय प्रहरी कार्यालयले ज्यान जोखिममा परेको व्यक्तिको स्वास्थ्य स्थिती बारे सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी संग समन्वय गरी निर्णयको प्रतिलिपिसहित मन्त्रालयमा हवाई उद्धारका लागि सिफारिस गर्नु पर्नेछ र सो सिफारिश सम्वन्धमा समितिको अन्य सदस्यलाई लिखित जानकारी दिनुपर्नेछ ।

(३) विपद् जोखिम वा दुर्घटनामा परेका व्यक्तिहरुलाई सडक यातायातबाट उद्दार हुन सक्ने वा स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन सम्भव भएको अवस्थामा हवाई उद्दार सेवा उपलब्ध गराइने छैन।

(४) उपदफा (३) मा रहेको व्यवस्थाको प्रतिकुल हुने गरी सिफारिस गर्ने सिफारिस समितिका संयोजक तथा सदस्यहरुबाट त्यसरी सेवा उपलब्ध गराउँदा लागेको खर्च रकम सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ ।

५. <u>हवाई उद्धार सेवा सम्बन्धी प्रदायक संस्था र मन्त्रालयको भूमिका सम्बन्धी व्यवस्था</u> : दफा (४) बमोजिम सिफारिस भई आएका विपद् जोखिम वा अन्य दुर्घटनामा परी ज्यान जोखिममा परेका व्यक्तिहरुको हवाई उद्धार गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :

(१) मन्त्रालयको सचिवबाट लिखित आदेश प्राप्त हुनासाथ सेवा प्रदायक संस्थाले जति सक्दो छिटो आफ्नो हवाई साधन तोकिएको स्थानमा पठाई विपद् जोखिम वा अन्य दुर्घटनामा परेका व्यक्तिलाई तत्काल उद्दार गरी नजिकको सरकारी वा सामुदायिक अस्पतालमा वा उपचार गर्न सम्भव भएको अस्पतालमा पुर्याउने व्यवस्था गर्नु पर्नेछ,



मा. आन्तरिक मामिला तथा कानून मन्त्री
प्रकाश बहादुर शाह

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

मा. आन्तरिक मामिला तथा कानून मन्त्री
प्रकाश बहादुर शाह

(२) दफा २ को खण्ड (क) र (ख) मा उल्लेखित अवस्था परी ज्यान जोखिममा परेका व्यक्ति वाहेक अन्य व्यक्तिको हकमा यो सेवा उपलब्ध हुने छैन,

तर, ज्यान जोखिममा परेका व्यक्तिको स्वास्थ्य अवस्था हेरी एकाघरका सदस्य वा नजिकका संरक्षक गरी बढीमा दुई जना सम्मलाई साथमा लैजान हवाई सेवा प्रदायकले व्यवस्था गर्नुपर्नेछ।

६. <u>हवाई उद्धार प्रदायक संस्था छनौट र सम्झौता</u> : हवाई उद्धार सेवा प्रदायक हवाई सेवा संचालन कम्पनीहरु मध्ये कम्तीमा ३ वटावाट सम्झौता पुर्व नै प्रचलित सार्वजनिक खरिद ऐन नियम वमोजिम दर रेट लिई सो दरको आधारमा औसत दर रेट कायम गरी सेवा लिने दिने सम्झौता गर्नुपर्नेछ ।

७. <u>हवाई उद्धार सेवा प्रदायक संस्थाले पेश गर्नु पर्ने विवरण</u>: हवाई सेवा प्रदायक संस्थाले हवाई उद्धार सेवा प्रदान गरिसकेपछि मन्त्रालयले दिएको आदेश पत्र, निवेदन सहित भुक्तानीका लागि बिल मन्त्रालयमा पेश गर्नु पर्ने छ।

८. <u>भुक्तानी सम्बन्धी व्यवस्था</u> : दफा ७ बमोजिम हवाई सेवा प्रदायक संस्थाले पेश गरेको आवश्यक कागजातका आधारमा मन्त्रालयले भुक्तानी दिनु पर्नेछ ।

९. <u>अनुगमन, मुल्यांकन तथा प्रतिवेदन</u> : (१) विपद् जोखिम तथा अन्य दुर्घटनामा परि ज्यान जोखिममा परेका व्यक्तिहरुको हवाई उद्धार सेवा सम्बन्धि कामको विवरण मन्त्रालयको सम्बन्धित महाशाखाले अध्यावधिक गरी सो को बिवरण सार्वजनिक गर्नुपर्नेछ,

(२) हवाई उद्धार सेवा सम्बन्धि कार्यको आवश्यकता अनुसार मन्त्रालयले आवधिक समिक्षा, अनुगमन तथा मुल्यांकन गर्नु पर्नेछ,

(३) मन्त्रालयले हवाई उद्धार सेवा प्रदायक संस्थावाट सालवसाली हवाई भाडा समेत अधावधिक गरी राखु पर्नेछ ।

१०. <u>विविधः</u> (१) ज्यान जोखिममा परेका व्यक्तिको हवाई उद्धार सेवा सम्बन्धी कार्य सम्बन्धमा बाधा अड्काऊ फुकाउने र संशोधन गर्ने अधिकार प्रदेश मन्त्रिपरिषदमा निहित हुनेछ ।

(२) यस कार्यविधिमा व्यवस्था गरिएको प्रावधानका सम्बन्धमा दुविधा उत्पन्न भएमा प्रष्ट पार्ने अधिकार मन्त्रालयमा निहित रहनेछ ।

११. <u>बचाऊः</u> यस अघि हवाई उद्धार सेवा प्रदान गरिएका काम कारवाहीहरु यसै कार्यविधि अनुसार भए गरेको मानिने छ।

मा. आन्तरिक मामिला तथा कानून मन्त्री
प्रकाश बहादुर शाह